
# रन्जु दर्शना

## काठमाडौँ क्षेत्र नं.५

## प्रतिनिधि सभा सदस्य उम्मेदवार
(स्वतन्त्र)

चुनाव चिन्ह "सेलरोटीको चाङ"





**काठमाडौँ वडा न. २,३,४,५**
**टोखा वडा न. २,३,४,५,६,७**
**बुढानिलकण्ठ वडा न. ३,४,५,६,७**

सम्पर्क नं.: ९८१००४९३५९

**उम्मेदवारको परिचय**

मेरो नाम रन्जु न्यौपाने (रन्जु दर्शना) हो। म हाल २६ वर्ष कि भएँ। म २०५२ साल ११ महिना २० गते आमा रमला न्यौपाने (गौतम) को कोख बाट टिचिङ अस्पताल महाराजगन्जमा जन्मिएकी हूँ। मैले प्राथमिक तह सम्मको पढाई टोखा रोडमा पर्ने निर्मल बाटिका स्कुल बाट गरेँ भने त्यसपछि कक्षा १० सम्म भानुभक्त मेमोरियल स्कुल, पानिपोखरीमा पढेँ र यहीँ बाट एस.एल.सि उत्तीर्ण भएँ। ११ र १२ भने महाराजगन्ज स्थित हेराल्ड कलेज बाट पास गरेँ र स्नातक (Bachelor's Degree) पहिले बालुवाटारमा रहेको काठमाडौँ विश्व विद्यालय अन्तरगतको नेशनल कलेजबाट विकास अध्ययन (Development Studies) विषयमा उत्तीर्ण गरेँ। व्यावसायिक रूपमा मैले विभिन्न निजी तथा बहूराष्ट्रिय कम्पनीहरूमा काम गर्ने पनि अवसर प्राप्त गरेँ। मेरो पछिल्लो काम माई सेकेन्ड टिचर भन्ने कम्पनीमा सामाजिक शिक्षा विषय विज्ञको रूपमा थियो। त्यस भन्दा अघि म अन्य कम्पनीहरूको विकास र प्रवर्धनमा कन्सल्टेन्ट भएर पनि काम गरेकी छु। यस सँगै आफ्नी आमा सँग मिलेर सेलरोटी बनाउने सिपलाई उद्यम र व्यवसायमा परिणत गर्ने जमर्को समेत गरेँ। मैले विगत ३ वर्ष देखि निरन्तर मानसिक स्वास्थ्यको जनचेतना, प्रबर्धन र आवश्यकता बारे काम गर्दै आएको छु। व्यक्तिगत जीवन, अध्ययन र राजनीतिलाई सँगसँगै लाने मेरो यो अभिप्राय राजनीतिलाई पेसा बनाउन हूँदैन भन्ने सिद्धान्त बाट निर्देशित छ। राजनीतिक सिकाई र व्यक्तिगत विकासका निमित्त मैले अमेरिका, फ्रान्स, इन्डोनेसिया, क्यामबोडिया, थाइल्यान्ड, भारत लगायतका देशमा आयोजना भएका विभिन्न सम्मेलन र बैठकमा सहभागी भई अनुभव बटूलेको छु। यी अध्ययन भ्रमण बाट मैले नेपालमा गर्न सकिने धेरै कुराहरू र गर्न नहुने कुराहरू बारे सिक्ने अवसर प्राप्त गरेको छु।

मैले २०७० सालको दोस्रो संविधान सभाको निर्वाचनको दौरान देखि राजनीतिक यात्रा सुरु गरेँ। लड्दै, उठ्दै, पार्टीको राजनीति, लाजनीति, दाउपेच बुझ्दै, आफ्नो व्यक्तिगत विकास गर्दै, पढाइलाई निरन्तरता दिँदै, हरेक दिन सिक्दै अहिले २०७९ सालको सङ्घीय निर्वाचनमा प्रतिनिधि सभा सदस्य पदको लागि प्रतिस्पर्धा गर्दैछु। २०७४ सालको स्थानीय निर्वाचनमा काठमाडौँ महानगरपालिकाको प्रमुख पदको उम्मेदवार भएर ल्याएको मतले नेपालको राजनीतिमा अहिलेको समय जस्तै युवाको हूङ्कार आओस् भन्ने आसा राखेकी थिएँ र अहिले त्यस्तै भइराखेको छ। नेपालको राजनीतिले नयाँ मोड लिने देखिँदैछ। यो शुभ सङ्केतबाट देशलाई धेरै फाइदा होस्, आम नागरिक सबैको जित होस्।

# समतामूलक, समन्यायिक विकसित नेपालः सबै सम्भव छ ।

## मिहेनत, लगनशिलता, समानुभूति, निष्ठा, अध्ययन, परामर्श र नि:स्वार्थपन

## संघीय निर्वाचन २०७९ को लागि काठमाडौँ क्षेत्र न. ५ तर्फकी स्वतन्त्र उम्मेदवार

## रन्जु दर्शनाको घोषणापत्र/सपनापत्र (विस्तृतमा)

म तपाईँहरूकै सुपरिचित रन्जु दर्शना। यसअघि काठमाडौँ महानगरपालिकाको मेयर पदको लागि भएको निर्वाचनमा म उम्मेद्वार थिएँ। तपाईँहरूको न्यानो माया पाएर २३ हजार ४ सय ३९ मत पाउन सफल भएको थिएँ। त्यो सुखद क्षण स्मरण गर्दै तपाईँ सबै मतदाता र शुभेच्छुकसमक्ष आफूप्रतिको विश्वासको लागि आभार प्रकट गर्दछु। अहिले सम्म आफ्नो किसिमबाट आफ्नै कार्यक्षेत्रमा रही जनताको सेवामा प्रतिबद्ध रहेकी मैले आफ्नो भूमिकालाई अझै फैलाउन चाहेकी छु। त्यसैले पनि आउँदो संसदीय निर्वाचनमा काठमाडौँ क्षेत्र नं. ५ बाट गैरदलीय स्वतन्त्र उम्मेदवारको हैसियतमा प्रतिनिधि सभा सदस्य-सांसदको लागि उम्मेदवारी दिएकी छु भनी तपाईँहरू सबैमा अवगत गराउन पाउँदा खुसी लागेको छ।

बहुदलीय व्यवस्थाबाटै लोकतन्त्रको सुन्दरता प्रस्फुटन हुन्छ र यसैमा रही दलहरूले सुध्रिने र सुदृढ हुने अवसर प्राप्त गर्नुपर्छ भन्ने कुरामा म विश्वास गर्छु। तर, अहिले कि त खराब र खराब बिच कि त थोरै खराब र धेरै खराब बिच प्रतिस्पर्धा हुने अवस्था छ जहाँ हार आम नागरिकको नै हुन्छ। राजनीतिक दलहरू एक सङ्गठन मात्र नभई सामाजिक संस्था पनि हुन् जसको सक्रियताले सामाजिक, सांस्कृतिक, आर्थिक परिवर्तनमा राज्यलाई सघाउँछ। राजनीतिक दल भित्रको स्कुलिङ् र नेतृत्व विकासको माध्यमले सांसद, मन्त्री, प्रधानमन्त्रीलगायत अन्य राजनीतिक पदमा एक सक्षम व्यक्ति पुग्न सम्भब छ। तर त्यसका लागि राजनीतिक दलहरू सबै सुध्रिनै पर्छ। जुन कुरा त्यति सहज छैन। वर्षौंदेखि चौतर्फी रूपमा आफ्ना आसेपासे राख्दै भोट बटुल्ने

बानी बसालेका दलहरूले सजिलै आफ्नो चरित्र फेर्न मानेका छैनन्। भोट अर्थात् शक्ति सधैँ जनतासँगै हुन्छ भन्ने कुरा बिर्सेर पुरै देश, हरेक क्षेत्र नै आफ्नै पेवा हो ठान्दै सत्ता र शक्ति आफूमा रहेको भ्रम सिर्जना गरी नागरिकलाई रैतीमा बदल्ने संस्कार परिवर्तन हुन सकेको छैन। २०४६ सालको पहिलो र २०६२/६३ को दोस्रो जनआन्दोलन हाम्रो पुर्खाले परिवर्तनका लागि गरेका थिए। हाम्रो जनजीविका र जीवनस्तरमा परिवर्तनको अपेक्षा गरिएको थियो। तर, राजनीतिक दलका सीमित नेता र तिनका आसपासे समूहले बाहेक हामीले परिवर्तन बोध गर्न सकेनौँ। किन त? किनकि हामीले दलतन्त्रका नाममा भीडतन्त्र पायौँ। दलीय प्रतिस्पर्धाका नाममा सत्ता र शक्तिमा दोहोरिइरहन सजिलो हुने पद्धती पायौँ।

मलाई यो सबै कुरा मान्य छैन। यो कुरा बुझेको एक सचेत व्यक्ति भएको कारणले म यो प्रवृत्तिलाई चुनौती दिँदै डटेर अघि बढ्न तैयार भई तपाईँहरूसमक्ष आएकी छु। त्यसैले यस सङ्घीय निर्वाचनमा म नेपालको संविधानको धारा ८४ र ८७ ले दिएको अधिकार प्रयोग गर्दै काठमाडौँ क्षेत्र न: ५ बाट दलहरूको दलदल विरुद्ध आफ्नो एजेन्डा, भिजन र नागरिकको सपनालाई साथ लिएर प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित हुन स्वतन्त्र विद्रोहको घोषणा गर्दछु।

नेपालको राजनीतिमा मदन भण्डारीको जबज, बीपी कोइरालाको समाजवाद, माओवादीको साम्यवाद पच्छ्याउने समाजवाद, राप्रपाको राजतन्त्रमा आधारित प्रजातन्त्र जस्ता विविध नाराले २०६४ सालपछि पटक पटकको निर्वाचनबाट संसदमा स्थान पाइ रहे । २०७४ सालको निर्वाचनपछि वैकल्पिक राजनीतिको वकालत गर्दै विवेकशील साझा पार्टीले समेत मध्यमार्ग वादबाटै प्रदेश संसदमा स्थान पायो । चाहे वर्षौँअघि खुलेको पार्टी होस् वा भर्खरै खुलेको पार्टी होस्, तिनका विधानमा लेखिएको कुरा र व्यवहारमा देखिएको कुराहरूमा एकरूपता नहुँदा पार्टी प्रणाली बिग्रियो र आफ्नो पार्टी र भोटअनुकूल संविधानमा लेखिएको कुराको अपव्याख्या गर्दै जाँदा कालान्तरमा देशको राजनीतिक व्यवस्थामा नै असर गर्न थाल्यो । यसको कारणले अहिले आम नागरिकमा सम्पूर्ण राज्य व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न भएको छ।

“वाद एक तर बात अनेक” बनाएर राजनीतिक दलका नेताहरूले नागरिकलाई प्राथमिकतामा नराखी, आफ्नो कुर्सी जोगाउन जे पनि गर्न लागि परेका छन्। नागरिकको भावना माथि खेलबाड गर्ने र आम नागरिकको गरिबीको फाइदा उठाउँदै भोटको बेचबिखन गर्ने जस्तो आपराधिक क्रियाकलापमा सामेल भएको उदाहरण

हामीसामु छन् । त्यसैले, वादप्रति ईमान्दारिता, विचारको स्पष्टता, राजनीतिक व्यवस्था प्रतिको बुझाई, आर्थिक प्रणाली, सामाजिक-सांस्कृतिक व्यवस्था र विगतबाट सिक्दै वर्तमान-भविष्य केन्द्रित सपनाको साथमा म प्रतिनिधि सभा सदस्यको पदमा तपाईँहरूको अभिमत पाइ निर्वाचित हून यहाँहरू समक्ष आफ्नो राजनीतिक दस्ताबेज/घोषणापत्र/प्रतिबद्धतापत्र लिएर आफ्नो टिमको साथ उपस्थित भएकी छु।

**मेरो विश्वास:** बहुदलीय व्यवस्था, संसदीय प्रणाली, विकेन्द्रीकरण, अधिकार र कर्तव्यको उचित बाँडफाँड सहितको सङ्घीयता, प्रेस स्वतन्त्रता, धार्मिक स्वतन्त्रता।

**मेरो कल्पनाको समाजवाद**: उदार अर्थतन्त्र, नियमित बजार, सामाजिक सुरक्षा।

**काठमाडौँ क्षेत्र न. ५ केन्द्रित कार्यक्रम, योजनाहरू:**

- यस क्षेत्रमा रहेका खानेपानीका योजना, आपूर्ति र सुरक्षा सम्बन्धी अध्ययन गरी सफा खानेपानीको अधिकार सुनिश्चित गर्न अग्रणी भूमिका निर्वाह गर्ने।
- उपत्यकामा भूमिगत पानीको अवस्थाबारे विस्तृत अध्ययन गर्न नेपाल सरकार, सम्बन्धित मन्त्रालयमा दबाब दिने।
- क्षेत्र न. ५ भित्रका ऐतिहासिक तथा सांस्कृतिक क्षेत्रको संरक्षण,प्रवर्धन र विकासको लागि स्थानीय बासिन्दासँग मिलेर काम गर्ने।
- क्षेत्र न. ५ मा रहेको अन्य भौतिक/स्थानीय स्तरका समस्याहरूको समाधान गर्न १५ वटै वडा र ३ वटै पालिकाका काम, कार्यक्रमहरूको अध्ययन गर्ने र स्थानीय समस्या समाधानको लागि सहजीकरण र पहलदारी भूमिका निर्वाह गर्ने।

**व्यक्तिगत प्रतिबद्धता**

- म आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नेछु।
- संसदको बैठकमा मेरो शत प्रतिशत उपस्थिति हुनेछ * हरेक बैठकमा उपस्थित हूने।
- क्षेत्र नम्बर ५ का जनताको राय सुझाव सङ्कलन गर्न अनलाइन र अफलाइन माध्यमहरू बनाउने।
- हप्तामा एक दिन समस्या समाधान भेला गरी क्षेत्र न. ५ का नागरिकको समस्या समाधानमा मियोको भूमिका निभाउने।
- महिनामा एक दिन विकास सुझाव भेला गरी आएका सुझाव संसदमा लगेर सम्बन्धित नीति, कानुनको

- छलफलमा राख्ने।
- ६ महिनामा एउटा निर्वाचन क्षेत्र केन्द्रित भेला गर्ने।
- हरेक वर्ष संसदमा र बाहिर गरेको आफ्नो कार्यहरूको प्रतिवेदन सार्वजनिक गर्ने।
- कोही कसै सँग नडराई महत्त्वपूर्ण विषयहरूमा निर्धक्क आफ्नो विचार र आफ्नो क्षेत्रका मतदाताहरूको अडान राख्ने।

## सम्पूर्ण नागरिकको लागि मेरो एजेन्डाका प्रमुख विषयहरू

### १। मानसिक स्वास्थ्य (Mental Health)

**व्याख्या:** हाम्रो समाजमा रहेका मानसिक स्वास्थ्य सम्बन्धी जटिल घटनाहरू दिनौँ सार्वजनिक भइराखेका छन्। २०७२ सालमा आएको विनाशकारी भूकम्प र २०७७ देखि फैलिएको कोरोना महामारी पश्चात् मानसिक स्वास्थ्यको महत्त्व झनै बढेको कुरा विश्वभर महसुस भइसकेको छ। मानसिक स्वास्थ्यमा हुने समस्याको कारण मानिसहरू आफूलाई तथा अरूलाई चोट पुर्‍याउने र हत्या, आत्महत्या गर्ने समेतको स्थितिमा पुगेका छन्। यसको कारण सहज तरिकाले काम गर्न नपाउने तथा जीवनमा आउने सुन्दर क्षणहरूमा समेत हाँस्न,  मुस्कुराउन नसक्ने अवस्था छ। मानसिक समस्याको बारेमा भएका कम बुझाइ र यसलाई बुझ्ने प्रभावकारी स्वास्थ्य संयन्त्र नभएको कारण नागरिकको खुसी र मुस्कान खोसिरहेको अवस्थामा सरकारले यस विषयमा संवेदनशील र गहन भएर कामकार्य गर्नु अति आवश्यक र अनिवार्य छ। त्यसैले म सांसद भएर मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई प्राथमिकतामा राख्दै काम अघि बढाउने छु।

- मानसिक स्वास्थ्य सम्बन्धी नीति बनाउन अग्रणी भूमिकामा रहने।
- मानसिक स्वास्थ्यलाई आधारभूत स्वास्थ्य, जन स्वास्थ्य अन्तरगतको प्राथमिक क्षेत्रमा राख्ने र समय सान्दर्भिक मानसिक स्वास्थ्यका कानुनहरू बनाउने।
- मानसिक स्वास्थ्य सम्बन्धी परामर्शदाताहरूले अनिवार्य लाइसेन्स प्राप्त गर्ने मापदण्ड तोक्ने र अनिवार्य लाइसेन्स लिनुपर्ने प्रावधान बनाउने।
- सुत्केरी महिलाहरूमा हुने पोष्टपार्टम डिप्रेसन, ऐन्जायटि लगायत विभिन्न मानसिक स्वास्थ्य समस्याका लागि अस्पतालमा एक विभाग अनिवार्य बनाउनु पर्ने नीति लागु गर्ने।
- छोरा छोरी, र परिवारका प्राय सदस्य विदेश भएका बुबा आमालाई एक्लोपन, तनाव बाट हटाउनका लागि वहाँहरूको ध्यान अध्यात्म, भजनकिर्तन, छलफल, गोष्ठी लगायत अन्य सृजनशील काममा लगाउन अभियान चलाउने।

- मानसिक स्वास्थ्य सम्बन्धी सेवाको सहज पहुँचको लागि हरेक सार्वजनिक, निजी शैक्षिक संस्था र स्थानीय तहमा अनिवार्य काउन्सेलिङ् डेस्क राख्नुपर्ने कार्यक्रम बनाउन सम्बन्धित निकायहरूमा पहल गरी ती काम गर्न अघि बढ्ने।

महिला स्वास्थ्य:

- "खुसि आमा, स्वस्थ बच्चा अभियान" चलाउन नेपाल सरकार र सम्बन्धीत निकायलाई पहल गर्ने।
- गर्भवति महिलाको लागि पोषणयुक्त खाना र मानसिक स्वास्थ्य सम्बन्धी परामर्श र सेवाको अनिवार्य सुविधा प्रदान गर्ने नीति बनाउने।
- स्तन क्यान्सर, पाठेघर क्यान्सर लगायतका विषयमा रोग पहिचानको लागि सहज सेवा उपलब्ध गराउने।

## २। शिक्षा (Education)

**व्याख्या:** के को लागि शिक्षा भन्ने प्रश्नले हाम्रो शिक्षा नीतिलाई डोऱ्याउनु पर्छ। नेपालको आर्थिक सामाजिक अवस्था हेर्ने हो भने हरेक व्यक्तिलाई रोजगार योग्य बनाइ आर्थिक रूपले बलियो बनाउन हाम्रो शिक्षाले सक्नुपर्छ। यसका अलावा तार्किक, सृजनशील र देशका लागि कर्तव्यनिष्ठ नागरिक बनाउन समेत शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्नसक्छ। शिक्षा क्षेत्र सुधार र क्रमिक विकासका लागि निम्न लिखित एजेन्डाहरूमा म काम गर्नेछु:

- वर्तमान अवस्थामा रहेको शिक्षा सम्बन्धी नीति र कानुनहरूको अध्ययन गरी समयानुकूल बनाउन लाग्नेछु
- सरकारी विद्यालयहरूमा समयमा पाठ्य पुस्तक पुऱ्याउनको लागि हरेक प्रदेशबाट पाठ्यपुस्तक छाप्न वकालत गर्नेछु।
- यौन तथा शारिरिक शिक्षा (Sex and Physical Education) विद्यालय तह देखि नै कक्षा अनुसार अनिवार्य विषयको रूपमा प्रदान गर्दै लान शिक्षा नीतिमा मेरो पहल गर्नेछु।
- विश्वविद्यालय स्तर उन्नति समितिको लागि वकालत गर्नेछु। यस समिति बाट प्राप्त जानकारी अनुसार विश्वविद्यालयमा रहेका समस्याहरूको समाधानको लागि बहूपक्षीय रूपमा काम गर्नेछु। आवश्यक परेको खण्डमा निजी व्यवस्थापक सँग मिलेर विश्वविद्यालयलाई राम्रो बनाउन वकालत गर्नेछु।
- शैक्षिक प्रणालीलाई रोजगारी प्रणालीमा आवद्ध गर्न पाठ्यक्रम परिवर्तनका लागि नीतिगत पहल गर्नेछु।

- Ed-tech नीति बनाउने र बिस्तारै देशको हरेक सरकारी विद्यालयलाई सोही अनुसारको कार्यक्रममा लाने योजना बनाउँदै, सोही अनुसार बजेट दिँदै अघि बढ्न वकालत गर्नेछु।
- कक्षाकोठामा शिक्षकले पढाउने तरिका, शैली (Pedagogy) को स्टान्डर्ड मापदण्ड बनाइ सरकारी, सामुदायिक, निजी सबै विद्यालयमा लागु गर्न वकालत गर्नेछु।
- सूचना तथा प्रविधि (IT) विषयलाई प्राथमिकतामा राखी बढी भन्दा बढी दक्ष जनशक्ति उत्पादन गर्ने नीति र योजना अवलम्बन गर्नेछु।

### ३। महिला सशक्तीकरण र नेतृत्व (Women Empowerment and Leadership)

**व्याख्या:** जनसङ्ख्याको ५० प्रतिशत भन्दा बढी हिस्सा रहेको महिलाहरू अझै सुरक्षित र सम्मानित छैनन्। कुनै पनि सभ्य देशमा यस्तो हुनुहुँदैन। त्यसैले महिलाहरूको सशक्तीकरण र नेतृत्व वृद्धिको विषयमा कुनै पनि सौदा नगरी नीति निर्माण गर्नु र त्यसको कार्यान्वयन गर्नु नेपाल सरकारको प्रमुख जिम्मेवारी हो। यसका लागि म:

- महिलाहरूको वित्त व्यवस्थापनमा पहुँच बढाउन वित्तीय संस्था र सम्बन्धित मन्त्रालयबाट समय सापेक्ष कार्यक्रम बनाउन वकालत गर्नेछु।
- आमा समूह, बुहारी समूह लगायतका अनौपचारिक समूहहरूलाई सरकारको सम्बन्धित निकायमा सहज दर्ता दिने र सोही समूह मार्फत लक्षित कार्यक्रमहरू देशव्यापी रुपमा सञ्चालन गर्नेछु।
- महिला हिंसा अन्त्य गर्न सबै नागरिक विवेकशील र सरकार सेवक हुनेपर्छ । सामाजिक दबाबमा महिला हिंसाका मुद्दाहरू मिलाउने काम अपराधको व्याख्यामा ल्याउनेछु।
- आमाको नाममा नागरिकता दिने प्राबधानको सुनिश्चितताको लागि निरन्तर वकालत गर्ने छु।

### ४। क्वेर अधिकार (Queer Rights)

**व्याख्या:** पहिले पहिले मानिसहरूको बुझाई प्राकृतिक रूपमा कि त महिला कि त पुरुष दुई मात्र लिङ्गमा मानव जाति विभाजित हुन्छन् भन्ने थियो तर अहिले भने महिला, पुरुष भन्दा बाहेक पनि लैङ्गिक पहिचान र लैङ्गिक छनौट रहेका व्यक्तिहरू छन् भन्ने कुरा थाहा हुँदै छ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकारको विषयमा बेलाबखत कुरा हुने पनि गरेको छ। तर अहिले भने म यस विषयलाई विशेष छलफल कै दायरामा ल्याउन अघि बढ्दै छु। त्यस अन्तर्गत निम्न लिखित एजेन्डाहरू लिएको छु:

- क्वेर समुदायका व्यक्तिहरूलाई आफ्नो कानुनी अधिकार प्राप्त गर्न सहायता दिन पृथक् विभाग खोल्ने नीति नियम बनाउने।
- समलैंगिक विवाह (Same Sex Marriage) लाई कानुनी मान्यता दिन वृहत नीति संवाद गर्ने र आफ्नो अडान यसको पक्षमा राख्ने।

### ५। Start up नीति (Start up Policy)

**व्याख्या:** Start Up भन्नाले पृथक्, नयाँ, सहज सेवा, वस्तुको उत्पादन वा व्यापारको सुरुवात गर्दै स्थापना भई भर्खरै काम सुरु गर्दै गरेको कुनै कम्पनी हो। यस्ता नव-कम्पनी वा शिशु कम्पनीहरूको पुँजी, कर्मचारी अनुसार वर्गीकरण हुनजरुरी छ र सोही वर्गीकरणका आधारमा सरकारले आफ्नो तर्फबाट सो start up लाई संरक्षण, प्रवर्द्धन र प्रोत्साहन गर्ने नीति बनाउनु जरुरी छ। म त्यसको लागि पहल गर्नेछु।

- स्टार्ट अप सञ्चालन तथा विकासका लागि आवश्यक पर्ने पुँजीको व्यवस्थापनका लागि धितोपत्र सम्बन्धी ऐन र धितोपत्र बजार सम्बन्धी निर्देशिकाको परिमार्जन गरी सामान्य व्यवसायमा पनि लगानीको पहुँच स्थापना गर्ने नीति स्पष्ट बनाउने कुरामा पहल गर्नेछु ।
- स्टार्ट अप सुरु गरेकाहरूलाई लगानीकर्ताहरू, पुँजीकर्ताहरूसँग जोड्ने नीति निर्माणमा लाग्नेछु ।

### ६। समावेशी संरचनाहरूको निर्माण (Construction of Inclusive Structures)

**व्याख्या:** नेपालमा बन्ने सार्वजनिक संरचनाहरू हरेक नागरिकले प्रयोग, उपभोग गर्न पाउने अधिकार राख्दछन्। तर यो व्यवहारमा पूर्ण तरिकाले लागु भएको देखिन्न। अझै पनि धेरै ठाउँमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक स्थलहरूमा प्रवेश गर्न र त्यहाँका सेवा उपयोग गर्न अति कठिनाइ छ। यसले हामी समावेशी समाज नभएको प्रस्ट पार्दछ। म हरेक सार्वजनिक संरचनाहरू व्यवहारमा नै अपाङ्गता मैत्री हुनुको अनिवार्य छ भन्ने विश्वास राख्छु। यसका लागि:

- सार्वजनिक खरिद ऐन (Public Procurement Act) संशोधन गरी Expression of Interest मा शारीरिक, बौद्धिक र मानसिक अपाङ्गता मैत्री संरचना अनिवार्य हुनुपर्ने र लक्षित दिगो कार्यक्रमहरू बनाएको हुनुपर्ने कानुन बनाउने।
- कारखाना, उद्योग, अन्य ठुला व्यापारिक प्रयोजनका लागि बनाउने भवन निर्माण गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन (Environment Impact Assessment) गर्नु परे जस्तै सार्वजनिक खरिद ऐनमा पनि कुनै पनि किसिमको खरिद स्वीकृत गर्नुअघि अपाङ्गता मैत्री मूल्याङ्कन (Disability Friendly

Assessment) रिपोर्ट सम्बन्धित निकायबाट स्वीकृत भए पश्चात् मात्र खरिद प्रक्रियामा सामेल हून पाउने मापदण्ड राख्ने।

- DFA अनुगमन गर्ने स्वतन्त्र निकाय हूनुपर्ने। जसमा सरकारी कर्मचारी साथ साथै नागरिक समाजका मानिसहरू र विज्ञ व्यक्तिहरूको मिश्रित समूह हूनुपर्ने।
- हाल रहेको ऐन संशोधन गर्ने। हरेक सार्वजनिक संरचना बन्नु अगाडि DFA अनिवार्य हुनुपर्ने। सम्बन्धित निकाय बाट पास भए मात्र उक्त संरचनाको नक्सा पास हूने।
- बनिसकेका संरचना, भवनहरूलाई निश्चित समय तोकेर अपाङ्गमैत्री बनाउनुपर्ने नीति बनाउने।

**७। सार्वजनिक प्रशासन/सेवा (Public Administration/Services)**

**व्याख्या:** सार्वजनिक प्रशासनले नागरिकको जन्मदेखि मरणसम्मको दैनिकी जिम्मा लिनुपर्दछ। यसै कामको लागि सरकारी तहमा विभिन्न संरचनाहरू निर्माण गरिएका हून्छन्। यिनै संरचनालाई साधन स्रोत सम्पन्न तुल्याउने क्रममा जनताले तिरेको करको मोटो अंश छुट्टाइएको हून्छ। हामीकहाँ यस्तो रकम सदुपयोग हूनसक्यो वा सकेन? खर्च भएको रकमबाट अपेक्षित उपलब्धि हासिल हून सक्यो वा सकेन? यसबाट उत्पादन वा उत्पादकत्व बढ्यो बढेन? यसबाट जनताको इच्छा आकाङ्क्षा कति हदसम्म पूर्ति भयो? शासकीय काममा जनता सरकारसँग कति हदसम्म सन्तुष्ट छन् आदि कामकुरामा सरकार उदासीन रहेको हामी सबैले अनुभूत गरेका छौं। सरकारले पुऱ्याउनु पर्ने जनताको सेवासुविधाको प्रभावकारिता तथा विकास निर्माणको कामकाजलाई सर्वोपरि राखी काम गर्नु पर्नेमा कसैको दृष्टि नपुगेको आम नागरिकको ठम्याई रहेको छ। यहाँनेर हामीले संसदको भूमिका तथा जिम्मेवारी देखेका छौं। सांसद निर्वाचित भएपछि यस्ता काममा बढी चासो राखी;

- जनतालाई सुसूचित गर्ने, आवश्यक पर्दा whistle blow गर्ने र गराउन सघाउ पुऱ्याउने, पारदर्शिता कायम गर्न सरकारलाई दबाब दिने आदि काम गर्ने।
- अनावश्यक संरचना हटाउने, अनावश्यक कर्मचारी दरबन्दी कायम नराख्ने, कार्यबोझको अनुपातमा मात्र दरबन्दी कायम गर्नेछु।
- आर्थिक स्रोतको अपव्यय हूनबाट नियन्त्रण गर्ने, र, यस्तै फजुल खर्च नियन्त्रण गरी मितव्ययी तवरले कार्य सञ्चालन गरेपछि बचत हुने रकमबाट कर्मचारीको तलब वृद्धि गर्ने कुरामा जोड दिने मेरो प्रयास हूनेछ।
- कार्यसम्पादन मूल्याङ्कन सूचक Key Performance Indicator (KPI) प्रणाली बनाउन जोड दिनेछु।

- हरेक सरकारी कार्यालयमा कार्यरत कर्मचारीले गर्ने कामलाई कार्यसम्पादन मूल्याङ्कन सूचकबाट कर्मचारीहरूले गरेको कामकारबाही, लगनशीलता, मिहेनतको मापन गरी मूल्याङ्कन गर्ने नीति बनाउन म लागिपर्ने छु।
- सार्वजनिक प्रशासनिक प्रक्रियालाई हरेक १० देखि १५ वर्षमा पुनः संरचना गर्ने नीति बनाउने कुरामा जोड दिनेछु।

## ८। भ्रष्टाचार निर्मूल र सुशासन (Anti-Corruption and Good Governance)

### ८।१। आयको स्रोत पहिल्याउने नीति (Income Source Tracing Policy)

**व्याख्या:** नेपालमा विगत तीन दशकयता केही सीमित व्यक्ति तथा समूहको सम्पत्तिमा रातारात अकल्पनीय वृद्धि भइरहेको देखिन्छ। यस्तो आयको अधिकांश हिस्सा भ्रष्टाचार, अनियमिता, कालोबजारीजस्ता अवैध गतिविधि नै हो। यसर्थ यस्तो आयको स्रोत पहिल्याइ भ्रष्टाचारको जरैसम्म पुग्ने नीति लिन म अग्रसर हुनेछु।

### ८।२। सुशासनको लागि मुखबिर नीति (Whistleblower Policy for Good Governance)

**व्याख्या:** Whistleblower (मुखबिर) शब्दको ठिक नेपाली उल्था सिट्ठी बजाउने हो। तर यो सामान्य सिट्ठी बजाउने काम होइन। यो भनेको सरकार वा अन्य ठुला कम्पनीहरूभित्र भइरहेका अनियमितता वा अनियमितताको योजना बनिरहेको अवस्थामा त्यहीँ भित्रका कोही व्यक्तिले यो गलत भइराखेको छ भनेर बाहिर सञ्चार माध्यम, नागरिक समूहमा भण्डाफोर गर्ने काम हो। नेपालको हकमा मुख्यगरी सरकारी कर्मचारीतन्त्रमा पनि असल, जेहनदार, जबाफदेही कर्मचारीहरू छन् जसले गर्दा नै हाम्रो प्रणाली ठप्प हुनबाट जोगिएको छ। यो व्हिसल ब्लोवर नीति तिनै कर्तव्यनिष्ठ व्यक्तिहरूका लागि हो जो कानुनी राज्यमा विश्वास गर्छन् र देशमा सुशासन ल्याउन प्रयत्न गरिरहेका छन्। बलियो नियम, कानुन, प्रणाली भएका देशहरूमा पनि समय समयमा whistle blow भइराखेको हुन्छ र, ती व्हिशल ब्लो गर्ने व्यक्ति मुखबिरलाई सुरक्षा पनि प्रदान हुन्छ।

- नेपालमा मुखबीर नीति अति आवश्यक देखिएकाले एक सांसदको हैसियतमा यस्तो कानुनी संरचना बनाउन पहल गर्नेछु।
- सरकार र गैरसरकारी कार्यालयहरूको विभिन्न तहमा हुने बेथिति विरुद्ध बाह्य जानकारी दिने व्यक्तिहरूको संरक्षण र व्हिसल ब्लो गर्ने कार्यलाई प्रोत्साहन गर्ने।
- कानुनी राज्य र सुशासनको पैरवी गर्ने जो कोहीलाई संरक्षण दिने।

## ९। क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्गठन (Regional, National and International Organization)

**व्याख्या:** नेपालमा प्रजातन्त्रको स्थापना भएपछि खुल्ला रूपले अन्तर्राष्ट्रिय सम्बन्ध, सम्झौता, सहमति गर्न थालिएको हो । संयुक्त राष्ट्रको स्थापना अक्टोबर १९४५ मा भएको थियो भने नेपाल डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रकै सदस्य भइसकेको थियो । नेपाल अन्तर्राष्ट्रिय सङ्गठन, सम्मेलनहरूमा सहभागी हुँदै पनि आएको छ । SAARC , BIMSTEC बिम्सटेक, SASEC जस्ता क्षेत्रीय सङ्गठनको नेपाल सदस्य छ । SAARC को हेडक्वार्टर नै नेपालमा अवस्थित छ । यी बाहेक अन्य सामाजिक आर्थिक वृद्धिमा मद्दत पुग्ने सङ्गठनहरू पनि छन् । तर के ती संगठनहरूमा हामी सक्रिय छौं? र ती सङ्गठन बाट हामीले देशलाई हुन सक्ने फाइदा लिन सकेका छौं ? यसकै सिलसिलामा म आफू सांसद भएपछिको भूमिका निम्नानुसार देखेकी छु ।

- क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्गठनमा सक्रिय हुने सम्बन्धी नीति
- राष्ट्रिय स्वार्थ, बिशेषत नेपालीको विकासको चाहना र भौगोलिक अवस्थितिलाई ध्यानमा राखेर द्वीपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय सङ्गठनमा सक्रिय हुने सम्बन्धी नीति बनाउने
- समूहगत हिसाबले आपसी सहमति, राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनको आधारमा जन्म भएका समितिहरू नेपालको हित हुने प्रकृतिका छन् भने तिनलाई ब्युँताउने । उदाहरणका लागि: SAARC जस्तो पुरानो सङ्गठन किन inactive छ त्यसको अन्तर्यहरु बुझ्नेछु र ती समस्या समाधान गर्ने उपायहरू संसदमा, सम्बन्धित संसदीय समिति र सरकारलाई प्रस्तुत गर्नेछु ।
- अन्तर्राष्ट्रिय एजेन्सीहरूमा नेपालको सशक्त प्रतिनिधित्व बारे विश्लेषण गर्दै सम्बन्धित निकायलाई सहयोग गर्ने।
- म एउटा नयाँ मापदण्ड बनाउन सम्बन्धित समिति, मन्त्रालयमा सक्रिय हुन्छु जस अन्तर्गत हरेक सरकारी निकायले अन्तर्राष्ट्रिय सङ्गठनमा गरेका काम कारबाहीहरुको एक प्रती संसदमा पठाउने नीति, निर्देशन बनाउने।
- अन्तर्राष्ट्रिय समितिहरूमा हाम्रो योगदान र उपलब्धि (Contribution and Achievement) के हुने हो त्यसको एउटा खाका (template) बनाउँछु।
- हाम्रो सङ्गठनको भूमिकालाई, हामीले गर्नुपर्ने योगदान गर्‍यौ कि गरेनौं र हामीले पाउने कुरा पायौं कि पाएनौं भनेर हरेक ६ महिनामा एउटा रिपोर्ट संसदमा सार्वजनिक गर्ने। यसले हाम्रो अन्तर्राष्ट्रिय सङ्गठनको भूमिकालाई पारदर्शी बनाउनुको साथै हाम्रो स्थिति बुझ्न मद्दत गर्नेछ।

- नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तरगत रहेको धारा ५१ राज्यका नीतिहरूको उपधारा (ड) मा रहेको अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिमा काम गर्ने छु। विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने मार्ग नेपालको संविधानले नै खुलाएको हुँदा यही धारालाई पच्छाउँदै काम गर्नेछु।

**१०। बजेट विनियोजन:**

- हामीले देखेको सपनालाई बिपनामा परिणत गर्न कति बजेट आवश्यक छ भन्ने कुराको अवगत सम्बन्धित मन्त्रालयका साथसाथै अर्थ मन्त्रालयलाई प्रतिवेदन बुझाएर सजग गराउने।
- सामाजिक-सांस्कृतिक व्यवस्था, प्राविधिक विकास र विगतबाट सिक्दै वर्तमान-भविष्य केन्द्रित सपनालाई बिपनामा परिवर्तन गर्न स्रोत साधनहरूको अति आवश्यकता पर्नेछ त्यसैले आर्थिक विनियोजन विधेयकमा यस सम्बन्धी कार्यक्रम राख्न अध्ययन प्रतिवेदन बुझाउने।
- हरेक वर्ष जुन क्षेत्र बाट कर उठ्छ त्यसै क्षेत्रमा कति खर्च भयो भन्ने विषय वार्षिक बजेटमा खुलाउन वकालत गर्ने।

## ११। अन्य ऐजेण्डाहरू (Others)

एक सांसदले संसद भित्र वकालत गर्ने, सरकारलाई सुझाव दिने विषयहरूले विशेष अर्थ राख्दछ। ती विषयहरूले देश र नागरिकको अवस्था र चाहना समेत समेट्नु पर्दछ। म निम्न लिखित विषयमा सबैको ध्यानाकर्षण गराउन चाहन्छु।

### ११।१। विदेशमा रहेका नेपाली (Nepalese in Foreign Land)

- विदेशका विभिन्न विश्वविद्यालयमा विशिष्ट शिक्षा हासिल गरेकालाई विशेष सुविधा सहित देशका विभिन्न निकायमा कार्यकारी र सल्लाहकारी भूमिकामा काम गरेर देखाउन मिल्ने पदहरू निर्माण गर्ने विषयमा ३ तहकै सरकारमा पहल गर्ने र Brain Back Bank खोल्ने नीति बनाउने।
- वैदेशिक रोजगार गरी निश्चित समय विदेशमा सिपमुलक काम गरेर नेपाल फर्किएका व्यक्तिहरूका लागि नेपालमै व्यवसाय, उद्यम गर्न सहज कर्जा र परामर्श नीति बनाउने।
- विदेशमा रहेका नेपालीहरूको मतदान गर्ने अधिकारलाई कार्यान्वयनमा लग्न पहल गर्ने।

### ११।२। वातावरण, प्रकृति र जलवायुपरिवर्तन (Environment, Nature and Climate Change)

जलवायुपरिवर्तनको अत्याधिक असर नेपाल जस्तो गरीब र विकासोन्मुख राष्ट्रलाई परेको हामीले स्पष्ट महसूस गर्न सकेका छौँ । हामीले आफ्नो तर्फ बाट वातावरणमा प्रतिकुल असर नपर्ने कार्यहरू त गर्नुपर्छ तर यसका साथै विकसित देशहरूले गर्ने अत्याधिक प्रदुषण, हरितगृह ग्यास उत्सर्जनले हामी जस्तो गरीब देशमा परेको मार, हाम्रो कृषि, उत्पादन शक्तिमा आएको ह्रासको लागि उत्तरदायी बनाउन हामी बोल्नैपर्छ । जसले यो पृथ्वीमा बढी घात गर्छ उसले बढि तिर्नैपर्छ । पृथ्वी सबैको साझा हो र सबै देश र ती देशका नागरिकले यँहा समन्यायीक हिसाबले बाँच्न पाउने अधिकार राख्दछन् भन्ने कुरालाई अन्तराष्ट्रिय सम्मेलन, संगठनमा जोडदार कुरा उठाउने छु ।

#### ११।२।१। बायोपाइरेसी (Biopiracy)

**व्याख्या:** आर्थिक अवस्था बलियो नभएकै कारण हाम्रो जस्तो विकासोन्मुख तथा गरिब देशहरूमा ठुला बहूराष्ट्रिय कम्पनीहरू आएर हाम्रो देशबाट रैथाने बिउ-विजनको फर्मुला वा बिउ नै लगेर आफ्नो ठाउँमा विशाल उत्पादन क्षमता सहितको कारखानाहरू खोल्छन् र हाम्रै देशको बिउ विजनको उत्पादन सम्बन्धी सम्पूर्ण अधिकार आफूसँगै राख्छन् जसले गर्दा हाम्रो किसानहरूलाई कानुनी दायरामा ल्याउने, किसानहरूको बिउ,

उत्पादनको अधिकार खोस्ने, उत्पादनबाट रोक लगाउने तर आफैँ भने सोही बिउबाट अरबौँको आम्दानी गर्ने र बिउ लगे बापत किसानहरूलाई त्यसको हिस्सा पनि नदिने गर्छन् । यही कार्यलाई बायोपाईरेसी भनिन्छ ।

बायोपाइरेसीलाई रोक्न तथा मत्थर गर्न हामीले हाम्रो देशमा रहेका जैविक उत्पादनहरूमा "भौगोलिक सङ्केत" अर्थात् Geographical Indication (GI) राख्नैपर्छ जसको लागि नेपालले आफ्नै "भौगोलिक सङ्केत" नीति बनाउनुपर्छ । सो नीति बनाउने काममा म अघि बढ्नेछु। भौगोलिक सङ्केतको अर्थ कुनै पनि वस्तु, खानकी, बिउ बिजनको भौगोलिक उत्पत्ति भएको आधारमा त्यस उत्पादनको सङ्केत हो जसले गर्दा सो भूगोलका व्यवसायीहरूलाई उनको उत्पादन अन्तर्राष्ट्रिय बजारमा लग्न सहजता हुन्छ । म नेपालमा भौगोलिक सङ्केत सम्बन्धी आवश्यक नीति बनाउन अघि बढ्नेछु । साथै, हाम्रो रैथाने, लोपोन्मुख बिउ-विजनको संरक्षण सुनिश्चित गर्नका लागि तिनको वर्गीकरण गर्ने कानुन बनाउने र सो सम्बन्धी काम गर्ने नियमनकारी निकायको पनि स्थापना गर्न नेपाल सरकारलाई अध्ययन रिपोर्ट बुझाउनेछु।

**११।२।२। जैविक लोपोन्मुखको संरक्षण नीति बनाउने (Bio extinction preservation)**

**व्याख्या:** लोपोन्मुख प्रकृतिका जैविक प्रजातिहरूको संरक्षण गर्दा वातावरणमा सन्तुलन ल्याउन सकिन्छ । हाम्रो इकोसिस्टममा असन्तुलन हुँदा हाम्रो बालीहरू राम्ररी नलाग्ने, वन जङ्गलमा जङ्गली जनावरहरूलाई आहारको कमी हुने जसले गर्दा ती जनावर मानव बस्तीमा पसी आक्रमण गर्ने, खोला-नालामा सफा पानी नबग्ने जस्ता कैयौँ आपत्तिजनक अवस्थाहरूको सिर्जना हुनेगर्दछ । त्यसैले हाम्रो वातावरणलाई सन्तुलनमा राखी राख्न लोपोन्मुख भइरहेका हरेक महत्त्वपूर्ण जैविकता, जीवहरूको अध्ययन गर्ने र अध्ययन अनुसार संरक्षण नीति बनाउने काम म सांसद बनेर गर्छु ।

**११।२।३। जैवीक खतरा र सीमा सुरक्षा सम्बन्धी नीति बनाउने (Biohazards and Border Security)**

**व्याख्या:** Biohazards अर्थात् जैविक खतराका वस्तुहरू। हामी अहिले बसिरहेका, रमाइरहन सकेका ठाउँ पृथ्वी मानवहरूले गर्दा मात्रै चलिरहेको छैन। हामी त इकोसिस्टमको एउटा भाग मात्रै हौँ । प्रकृतिको नियम अनुसार हामी बस्ने वातावरणमा धेरै जनावर, कीरा-फट्याङ्ग्रा, बोट, बिरुवा र सूक्ष्म जीवहरू हुन्छन् । सुक्ष्म जीवहरू नाङ्गो आँखाले देखिन सक्दैन यसका लागि कुनै उपकरण कै आवश्यकता पर्छ । यसैगरी, कुनै बोट बिरुवा, जनावर मार्फत हुने सङ्क्रमण, रोगहरूबारे हामी सचेत रहनुपर्छ जसले गर्दा केही गरी कुनै किसिमको सङ्क्रमण फैलिन थाल्यो भनेपनि

दीर्घकालीन क्षति हूनबाट रोक्न सकिन्छ । विगतका दिनमा नेपालको खुल्ला तथा नियमित सिमानामा आवश्यक नियमनकारी निकाय र स्रोत साधनको कमिले Covid-19, SARS, SWINE FLU, Bird Flu लगायत अन्य किसिमका मानव र जनावर दुबैमा हूनसक्ने सङ्क्रमण फैलिएको कुरा हामी सबैलाई थाहा नै छ । त्यसैले, भविष्यमा हूनसक्ने महामारी र त्यसले जनजीवन तथा अर्थतन्त्रमा पुर्‍याउने प्रभाव नियन्त्रण गर्ने सिमाना नियमनकारी निकायको परिकल्पना गर्ने जस्ता कामको लागि म सांसद भएर काम गर्नेछु ।

**११।३। कर प्रणाली (Tax System)**

**व्याख्या:** देशको समग्र कर प्रणालीलाई डिजिटलाईजेसनमा लान अति जरुरी भइसकेको छ । त्यसैले कुनै निश्चित क्षेत्रबाट सुरु गरी कर प्रणालीलाई बिस्तारै शत प्रतिशत डिजिटलाईजेसनमा लैजान अघि बढ्नैपर्छ । यसले पारदर्शिता ल्याउँछ र सरकार र अन्य सरोकारवालाहरू सबैलाई जबाफदेही समेत बनाउँछ ।

- कर प्रणाली पूर्ण डिजिटलाईजेसन गर्ने बाटोको लागि नीति, निर्देशन बनाउने।
- सुत्केरी महिलाहरूलाई निश्चित अवधि सम्म तलबमा कर नलगाउने बारे नीति बनाउने।

**११।४। डिजिटलाईजेसनका लागि नेपालको आफ्नै सर्भर निर्माण कार्य चुस्त र दुरूस्त बनाउन आफ्नो तर्फ बाट निरन्तर आवज उठाउने छु र सरोकारवाला निकायहरूसँग परामर्श गरी सरकारलाई सल्लाह, सुझाब दिनेछु।**


**११।५। फोहोर व्यवस्थापनको परिकल्पना: Waste Management Company Limited (WMCL)**

सङ्घीय सरकारले स्थानीय सरकार सँग सहकार्य गरी एउटा फोहोर व्यवस्थापनको सिङ्गो प्लान्ट कम्पनी मार्फत निर्माण गर्ने योजना बारे नेपाल सरकार समेक्ष सुझाब प्रस्तुत गर्नेछु। यसको Public Private Partnership मोडेल बनाएर नागरिकको समेत लगानी गर्न मिल्ने संस्थान खोलेर फोहोरको दीर्घकालीन व्यवस्था गर्न सकिने कुराको अध्ययन प्रतिवेदन प्रस्तुत गर्नेछु।

**११।६। वर्तमान कानूनमा रहेका प्रावधान संसोधन/परिवर्तन बारे**

- निर्वाचनमा गठबन्धन गरी उठ्दा समावेशी सिद्धान्तका आधारमा निश्चित लिङ्ग, जाति, वर्गलाई तोकिएका सिट मिच्न नपाइने नियम बनाउने।

- जबरजस्ती करणी र बलात्कारको परिभाषा परिवर्तन गर्न वकालत गर्ने (मु अ स २०७४-द २१९)
- मुलुकी अपराध संहिता ऐन परिच्छेद - १९ जबरजस्ती करणी को दफा २२९ हदम्याद अन्तरगत बलात्कार, यौन हिंसा सम्बन्धी विषयमा वैज्ञानिक तवरले अध्ययनको सिफारिस बाट हदम्याद बढाउन वा खारेज नै गर्न वकालत गर्ने।



RANJU
**DARSHANA**

Member of House of Representative Independent Candidate
Kathmandu 5

+977 9810049359

ranjudarshana.com

ranjucampaigns@gmail.com

For Financial Support